# आर्थिक विधयक, २०८०

खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौंरीखर्क, सोलुखुम्बु

पेश गर्नेको:
नाम, थर: टासी ल्हमु शेर्पा
पद: उपाध्यक्ष
प्रमाणीकरण मिति: २०८० असार १० गते

## आर्थिक विधयक, २०८०

(खुम्बु पासाङल्हामु गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधयक)

**प्रस्तावनाः**

खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खुम्बु पासाङल्हामु गाउँ सभाले यो विधयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१)यस विधयकको नाम "खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक विधयक, २०८०" रहेको छ।

(२) यो विधयक मिति २०८० श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस विधयकमाः**

(१) "कर" भन्नाले यो विधयक वा प्रचलित कानून बमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्छ।

(२) "करदाता" भन्नाले यो विधयक वा प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ।

(३) "गाउँसभा" भन्नाले खुम्बुपासाङल्हामु गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(३) "गाउँकार्यपालिका" भन्नाले खुम्बुपासाङल्हामु गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(४) "गाउँपालिका" भन्नाले खुम्बुपासाङल्हामु गाउँपालिकालाई सम्झनुपर्छ।

(५) "कार्यालय" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ र सो शब्दले वडा कार्यालयलाई समेत जनाउनेछ ।

(६) "कर सङ्कलन केन्द्र" भन्नाले कार्यालयबाट कर सङ्कलन गर्न तोकिएका स्थानहरुलाई सम्झनु पर्नेछ ।

(७) "आन्तरिक पर्यटक" भन्नाले यस गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने स्थायी वा अस्थायी बासिन्दा बाहेक अन्यत्र स्थानबाट गाउँपालिका क्षेत्र भित्र भ्रमण गर्न आउने स्वदेशी पर्यटकलाई सम्झनु पर्छ ।

**३. सम्पति करः** गाउँपालिकाको क्षेत्र भित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर/ घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ।

**४. भूमिकर (मालपोत) :**गाउँपालिकाको क्षेत्र भित्र अनुसुचि (२) बमोजिम भूमि कर (मालपोत) लगाउने तथा असुल उपर गरिनेछ।

**५. घरबहाल कर :**गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर बहाल करलगाई ने तथा असुल गरिनेछ।

**६. व्यवसाय करः** गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसुचि(४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

**७. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (५) मा उल्लेख भएबमोजिम विज्ञापन कर लगाईने तथा असुल उपर गरिनेछ।

**८. मनोरञ्जन करः** गाउँपालिकाको क्षेत्रभित्र हुने मनोरञ्जनात्मक क्रियाकलापमा अनुसुचि (६) बमोजिम मनोरञ्जन कर लगाइने तथा असुल उपर गरिनेछ।

**९. बहाल विटौरी शुल्क:** गाउँपालिकाको क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा अन्य सार्वजनिक स्थान व्यवसायिक प्रयोग गरेमा अनुसुचि (७) उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

**१०. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

**११. ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बञ्जी जम्पिङ्ग, जिपलाईन र न्याफ्टिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बञ्जी जम्प, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूची (९) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१२. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूची (१०) मा उल्लिखित स्थानीय पूर्वाधार उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१३. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ।

**१४. कर छुटः** यस विधयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर प्रचलित कानुनले छुट दिन भनिएकोलाई यसले बाधा गर्ने छैन।

**१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**

(१) यो विधयक मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

(२) अनुसूचीहरूमा उल्लेखित कर, शुल्क तथा दस्तुरहरू गाउँपालिकाले तोकेको मितिदेखि लागू हुनेछ।

## अनुसूचीहरु

## अनुसूची १

## विधयकको दफा ३ सँग सम्बन्धित

## (सम्पत्ति कर)

१. यस गाउँपालिकाको क्षेत्रभित्र रहेको गोठ छाप्रो बाहेक प्रत्येक घर संरचनाको स्वयम घोषित मूल्याङ्कनका आधारमा वार्षिक रुपमा रु ०.१% ले हुन आउने रकम मात्र असुल उपर गरिनेछ।

२. एउटै कित्ता भित्र रहेको र सँगै जोडिएको  घर संरचनाले एउटा घरलाई जनाउँनेछ।

३.कानुनी रुपमा एकिकृत सम्पती कर लगाउनु पर्ने अवस्थामा हाललाई सम्पति कर र मालपोत कर जोडी हुन आउने आधारमा लिन सकिनेछ।

## अनुसूची(२)

(विधयकको दफा ४ सँग सम्बन्धित)

**भूमि कर (मालपोत)**

१. यस गाउँपालिकाको क्षेत्रभित्र रहेका देहायमा वर्गिकरण गरिएका जग्गाहरु बाट मात्र देहाय मा उल्लिखित दरमा भूमि कर (मालपोत) असुल उपर गरिनेछः

| | |
|---|---|
| क. कृषि क्षेत्र | प्रति रोपनी रु.१०।– |
| ख. व्यवसायिक क्षेत्र | प्रति रोपनी रु.१५।– |
| ग. आवासीय क्षेत्र | प्रति रोपनी रु.१०।– |
| घ. औद्योगिक क्षेत्र | प्रति रोपनी रु.२०।– |
| ङ. खानी तथा खनिज क्षेत्र | प्रति रोपनी रु.२०।– |
| च. वन क्षेत्र | प्रति रोपनी रु.१०।– |
| छ. नदी खोला ताल सिमसार क्षेत्र | प्रति रोपनी रु.१०।– |
| ज. सँस्कृति तथा पुरातात्विकत्व क्षेत्र | प्रति रोपनी रु.१०।– |
| झ. सार्वजनिक उपयोग क्षेत्र | प्रति रोपनी रु.१०।– |
| ञ. अन्य क्षेत्र | प्रति रोपनी रु.१०।– |

थप २०% विलम्ब शुल्क वार्षिक

## अनुसूची(३)

**(विधयकको दफा ५ सँग सम्बन्धित)**

**घर बहाल कर**

१. यस गाउँपालिका क्षेत्रभित्र संस्थागत रुपमा भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको भए सम्झौता रकमको १० प्रतिशत घरजग्गा बहाल कर लगाईने र असुल उपर गरिनेछ ।

२. घर बहालमा दिने सम्झौता पत्रको नमूना गाउँपालिका मार्फत वडा कार्यालयहरुबाट उपलब्ध गराईनेछ तथा सम्झौताको समयमा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य साँक्षी बसेको हुनुपर्नेछ।

३. यो घरबहाल कर घर धनीलाई घरभाडा रकम बुझाएको समयमा सम्बन्धित वडा कार्यालयमा जम्मा गर्नु पर्नेछ

## अनुसूची(४)

**(विधयकको दफा ६ सँग सम्बन्धित)**

**व्यवसाय कर**

१. गाउँपालिका क्षेत्र भित्र व्यवसाय सञ्चालन गर्नु परेमा कार्यालयमा दर्ता तथा नवीकरण गरी प्रमाण पत्र लिएर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ।यस गाउँपालिकाका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा देहाय बमोजिमका व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

२. दर्ता भएका व्यवसायहरु पुनः सञ्चालन गर्ने भए प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको मितिबाट प्रथम त्रैमासिक अवधि भित्र नवीकरण गरिसक्नु पर्नेछ ।

३. प्रथम त्रैमासिक अवधि भित्र नवीकरण नभएका व्यवसायहरुलाई दोस्रो त्रैमासिकमा विलम्ब दस्तुर १०%, तेस्रो त्रैमासिकमा विलम्ब दस्तुर २०%, चौथो त्रैमासिकमा विलम्ब दस्तुर ५०% थप गरी व्यवसाय नवीकरण गरिनेछ । चौथो चौमासिकमा पनि नवीकरण नभएका व्यवसायहरुको दोब्बर दस्तुर लिई अर्को आर्थिक वर्षमा दोब्बर दस्तुर लिई नवीकरण गरिनेछ । दोस्रो आर्थिक वर्षको अन्त्यसम्म पनि नवीकरण नभएका व्यवसायहरुको दर्ता खारेजी गरिनेछ ।

| क्र.सं. | व्यवसायको दर्ता वापत वार्षिक | व्यवसाय दर्ता वापत वार्षिक शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| 1 | चिया पसल, क्यान्टिन तथा चमेना गृह | १,०००।०० | ५००।०० |
| 2 | मदिराजन्य पसल | ३,०००।०० | २,०००।०० |
| 3 | किराना पसल | २,०००।०० | १,५००।०० |
| 4 | होम स्टे | २,०००।०० | १,५००।०० |
| 5 | लज (१० वटा भन्दा कम कमन रूम भएमा) | २,५००।०० | २,०००।०० |
| 6 | लज (१० देखि २० वटा कमन रूम भएमा) | ४,०००।०० | ३,०००।०० |
| 7 | लज (२० वटा भन्दा बढी रूम भएमा) | ५,०००।०० | ४,०००।०० |
| 8 | लज (१० वटा भन्दा कम एटयाच बाथरूम भएमा) | ५,०००।०० | ३,०००।०० |
| 9 | लज(१० देखि २० वटा एटयाच बाथरूम भएमा) | ६,०००।०० | ४,०००।०० |
| 10 | लज (२० वटा भन्दा बढी एटयाच बाथरूम भएमा) | ७,०००।०० | ५,०००।०० |
| 11 | स्टार होटल | १५,०००।०० | १२,०००।० |
| 12 | रिसोर्ट | १०,०००।०० | ८,०००।०० |
| 13 | जनरल स्टोर्स | ५,०००।०० | ३,०००।०० |
| 14 | पुस्तक पसल | १,०००।०० | ५००।०० |
| 15 | कपडा पसल, टेलरिङ | २,०००।०० | १,०००।०० |
| 16 | पेन्टिङ पसल (आर्ट ग्यालरी) | २,०००।०० | १,०००।०० |
| 17 | औषधि पसल | ३,०००।०० | २,०००।०० |
| 18 | सुन चाँदी पसल | ३,०००।०० | २,०००।०० |
| 19 | सैलुन र व्यूटिपार्लर | ३,०००।०० | २,०००।०० |
| 20 | ट्रेकिङ्ग गियर शप | ५,०००।०० | ३,०००।०० |
| 21 | बार र पब | ४,०००।०० | २,०००।०० |
| 22 | मनि एक्सचेन्ज/ट्रान्सफर, रेमिट्यान्स | ३,०००।०० | २,०००।०० |
| 23 | पुल हाउस | २,०००।०० | १,०००।०० |
| 24 | स्नोकर हाउस | ४,०००।०० | २,०००।०० |

| | | | |
|---|---|---|---|
| 25 | क्याफे रेष्टुरेण्ट बेकरी | ४,०००।०० | २,०००।०० |
| 26 | प्लाष्टिकजन्य बोटल उत्पादन | ५०,०००।०० | ३०,०००।० |
| 27 | मिनिरल वाटर उत्पादन | १५,०००।०० | १०,०००।० |
| 28 | संस्थागत अस्पताल | २०,०००।०० | १०,०००।० |
| 29 | अस्पताल तथा नर्सिङ होम प्रति शैया | ४,०००।०० | ५००।०० |
| 30 | डायग्नोसिक सेण्टर | १०,०००।०० | १०००।०० |
| 31 | पोलिक्लिनिक/ क्लिनिक प्रति सेवा | १०,०००।०० | १०००।०० |
| 32 | आयुर्वेद अस्पताल / वैकल्पिक प्रति शैया | २,०००।०० | ५००।०० |
| 33 | आयुर्वेद क्लिनिक/आम्जी | ५,०००।०० | ५००।०० |
| 34 | इलेक्ट्रोनिक्स पसल | ५,०००।०० | ३,०००।०० |
| 35 | बैंक | २०,०००।०० | १०,०००।० |
| 36 | बहुउद्देश्यीय शहकारी | १०,०००।०० | ५,०००।०० |
| 37 | संस्थागत विद्यालय | ५,०००।०० | ३,०००।०० |
| 38 | होस्टेल | ५,०००।०० | २,०००।०० |
| 39 | ट्युसन सेन्टर | २,०००।०० | १,०००।०० |
| 40 | मसाज, स्पा, मोरक्कन सेन्टर | ३,०००।०० | २,०००।०० |
| 41 | टयाटु | ३,०००।०० | २,०००।०० |
| 42 | म्यूजियम | ५,०००।०० | ३,०००।०० |
| 43 | हाइभिजन हल | ३,०००।०० | २,०००।०० |
| 44 | साहसिक खेलकुद | २०,०००।०० | |
| 45 | हेलिकप्टर कम्पनी वार्षिक | २००,०००।०० | |
| 46 | कृषि सहकारी | २,०००।०० | १०००।०० |
| 47 | कृषि, मत्स्य तथा पशुपंक्षीपालन फर्म | ५००।०० | २००।०० |
| 48 | वचत तथा ऋण सहकारी | ५,०००।०० | ३०००।०० |
| 49 | धुप उद्योग | ५,०००।०० | ३०००।०० |
| 50 | जडिबुटी उद्योग | ५,०००।०० | ३०००।०० |
| 51 | स्पोर्टस तथा स्टेशनरी | ३,०००।०० | २,०००।०० |
| 52 | ट्राभल एण्ड ट्रेकिङ्ग | ५,०००।०० | ३,०००।०० |
| 53 | इन्टरनेट सर्भिस प्रा.लि. | २०,०००।०० | १५,०००।० |
| 54 | साउना | ४,०००।०० | २,०००।०० |
| 55 | लाउण्ड्री | २,०००।०० | १,५००।०० |

| | | | |
|---|---|---|---|
| 56 | गिफ्ट शप तथा सोबिनियर | ५,०००।०० | ३,०००।०० |
| 57 | क्याम्पिङ सञ्चालन | ५,०००।०० | ३,०००।०० |
| 58 | मासु पसल | ३,०००।०० | २,०००।०० |
| 59 | घरेलु उद्योग (गाउँपालिका स्तरीय) | ३,०००।०० | २,०००।०० |
| 60 | घरेलु उद्योग अभिलेखीकरण | १,०००।०० | |
| 61 | भाँडा पसल | ३,०००।०० | २,०००।०० |
| 62 | मिनी मार्ट | ५,०००।०० | ३,०००।०० |
| 63 | हार्डवेयर | ५,०००।०० | ३,०००।०० |
| 64 | ग्याँस डिपो (इन्धन डिपो) | ३,०००।०० | २,०००।०० |
| 65 | काठ व्यापार तथा फर्निचर उद्योग | १०,०००।०० | ५,०००।०० |
| 66 | आयल स्टोर | १०,०००।०० | ५,०००।०० |
| 67 | मझौला उद्योग | ३,०००।०० | १,५००।०० |
| 68 | अटो मोबाइल्स वर्कशप | ३,०००।०० | १,५००।०० |
| 69 | खच्चड व्यवसाय प्रति गोटा (खच्चडबाट हुने ढुवानी व्यवसायमा) | ५००।०० | २००।०० |
| 70 | यात्रु बाहक सवारी साधन | | |
| | क) ९ सिटेसम्म | ३,०००।०० | १,५००।०० |
| | ख) ९ सिटे भन्दा माथि | ५,०००।०० | २,५००।०० |

नोट २९ देखि ३३ सम्मका अस्पतालहरु गैर नाफामूलक रुपमा सञ्चालन भएका भए ५० प्रतिशत छुट दिने

घरनक्शाः

भवन निर्माण कार्यको इजाजत दिंदा गाउँपालिकाले लिने दस्तुरको दर

१. क, ख, ग र घ वर्गका नयाँ निर्माण हुने भवनहरुका लागि

| भवनको किसिम | प्रयोजन | | | |
|---|---|---|---|---|
| | आवासीय (प्रति वर्ग फिट दर) | औद्योगिक/व्यापरिक (प्रति वर्ग फिट दर) | सरकारी (प्रति वर्ग फिट दर) | संस्थागत(प्रति वर्ग फिट दर) |
| क वर्गका भवनहरु | ८ | १० | ८ | १० |
| ख वर्गका भवनहरु | ७ | ९ | ७ | ९ |
| ग वर्गका भवनहरु | ६ | ८ | ६ | ८ |
| घ वर्गका भवनहरु | ५ | ५ | ५ | ५ |

२ मापदण्ड लागू हुनु अघि निर्माण भई सकेका घरहरुको अभिलेखीकरण नक्शापास दस्तुर

| भवनको किसिम | प्रयोजन | | | |
|---|---|---|---|---|
| | आवासीय (प्रति वर्ग फिट दर) | औद्योगिक/व्यापरिक (प्रति वर्ग फिट दर) | सरकारी (प्रति वर्ग फिट दर) | संस्थागत(प्रति वर्ग फिट दर) |
| क वर्गका भवनहरु | ५ | ५ | ५ | ५ |
| ख वर्गका भवनहरु | ५ | ५ | ५ | ५ |
| ग वर्गका भवनहरु | ५ | ५ | ५ | ५ |
| घ वर्गका भवनहरु | २ | २ | २ | २ |

३ मापदण्ड लागू हुनु अघि निर्माण भई सकेका घरहरुको नक्शापास दस्तुर

| भवनको किसिम | प्रयोजन | | | |
|---|---|---|---|---|
| | आवासीय (प्रति वर्ग फिट दर) | औद्योगिक/व्यापरिक (प्रति वर्ग फिट दर) | सरकारी (प्रति वर्ग फिट दर) | संस्थागत(प्रति वर्ग फिट दर) |
| क वर्गका भवनहरु | २४ | ३० | २४ | ३० |
| ख वर्गका भवनहरु | २१ | २७ | २१ | २७ |
| ग वर्गका भवनहरु | १८ | २४ | १८ | १८ |
| घ वर्गका भवनहरु | १५ | १५ | १५ | १५ |

# जग्गाको चार किल्ला प्रमाणितः

| क्र.स. | विवरण | पारित दर |
|---|---|---|
| १ | ५ रोपनीसम्मको | ५००।०० |
| २ | १० रोपनीसम्मको | १०००।०० |
| ३ | १० रोपनी देखि ५० रोपनीसम्म | १५००।०० |
| ४ | ५०रोपनी देखि ७५ रोपनीसम्म | २०००।०० |

## अनुसूची (५)
## (विधयकको दफा ७ सँग सम्बन्धित)

**विज्ञापन कर**

१. यस गाउँपालिकाको क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवाको प्रचार प्रसार वापत होडिङ बोर्ड लगायतका विज्ञापन सामग्री सार्वजनिक क्षेत्रमा राख्दा गाउँपालिका र अन्य सम्बन्धित निकायको स्विकृति लिनुपर्नेछ, साथै बार्षिक रू. १,०००।- वा प्रति वर्ग फिट रू. ५०।- को दरले जुन बढी हुन्छ सो रकम गाउँपालिकाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

## अनुसूची (६)
## (विधयकको दफा ८ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

१. यस गाउँपालिकाका क्षेत्रभित्र जुनसुकै प्रयोजनको लागि मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्नु पूर्व गाउँपालिकाको स्विकृति लिनुपर्नेछ ।टिकट बिक्री गर्ने सन्दर्भमा कुल बिक्री रकमको १५ प्रतिशत गाउँपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

## अनुसूची (७)
## (विधयकको दफा ९ सँग सम्बन्धित)

**बहाल बिटौरी शुल्क**

१. यस गाउँपालिकाका क्षेत्रभित्र सार्वजनिक स्थलमा लाग्ने हाट बजारमा रहने स्थानीय उत्पादन बाहेकको प्रत्येक पसलबाट रू. २००।-प्रति हप्ता तथा अन्य निजी क्षेत्रमा लाग्ने हाटबजार बाट प्राप्त हुने कुल आयको १० प्रतिशत गाउँपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

## अनुसूची (८)
## (विधयकको दफा १० सँग सम्बन्धित)

**पार्किङ शुल्क**

## अनुसूची (९)
## (विधयकको दफा ११ सँग सम्बन्धित)

**ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ, बञ्जी जम्प, जिपलाईन र ऱ्याफ्टीङ शुल्क**

## अनुसूची (१०)
## विधयकको दफा १२ सँग सम्बन्धित

**सेवा शुल्क दस्तुर**

१. यस गाउँपालिकाद्वारा प्रदान गरिने सेवा वापत देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क. गरिबी, छात्रवृत्ति तथा नेपाली नागरिकता प्रमाण पत्र र राहत सिफारिस बाहेक अन्य जुनसुकै किसिमको सिफारिस वापत रू. २००।— लाग्नेछ ।

ख. सम्पत्ति मूल्याङ्कन तथा आम्दानी प्रमाणित वापत कुल रकमको ०.१ प्रतिशत लाग्नेछ ।तर उच्च शिक्षा हाँसिल गर्न वा उपचारका लागि विदेश जानेहरूलाई नि:शुल्क सेवा उपलब्ध गराईनेछ ।

ग. जुन सुकै प्रमाणित वापत रू. २००।—लाग्नेछ ।

घ. जुनसुकै किसिमको फारम वापत रू. २००।— लाग्नेछ ।

ङ गाउँपालिकाले व्यक्तिगत प्रयोजनको लागि अमिन सेवा माग गरेमा देहायको सेवा शुल्क लिइ अमिनको सेवा प्रदान गरिनेछ ।

| | |
|---|---|
| १) १ रोपनीसम्म | रु १०००। |
| २) १ देखि ५ रोपनीसम्म | रु २०००। |
| ३) ५ देखि १० रोपनीसम्म | रु ४०००। |
| ४) १० रोपनीदेखि २० रोपनीसम्म | रु ६०००। |

५) २० रोपनीदेखि माथि प्रति रोपनी रु ५०० का दरले थप हुँदै जानेछ ।

तर दुई वा दुई भन्दा बढी सिमाना आसपासमा जोडिएका कित्ता भएमा प्रत्येक कित्ताको राजश्व रकम छुट्टा छुट्टै कित्ताको राजश्व हिसाब गरी लिईनेछ ।

| | |
|---|---|
| च) संस्था दर्ता | रु १०००.०० |
| छ) संस्था नवीकरण | रु ५००.०० |
| ज) ५ कि.वा. सम्मको पेल्ट्रिक सेट निर्माण | रु १०००.०० |
| झ) ५ कि.वा. देखि १०० कि.वा. सम्मको माइक्रो हाईड्रो निर्माण | रु २०००.०० |
| ञ) १०० कि.वा. देखि १००० कि.वा. सम्मको मिनी हाईड्रो निर्माण | रु ५०००.०० |

## अनुसूची (११)
## (विधयकको दफा १३ सँग सम्बन्धित)

**पर्यटन सेवा शुल्क**

१. यस गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने प्रत्येक विदेशी पर्यटकबाट पर्यटन शुल्क वापत रू २०००।- असुल गरिने छ ।

२. १० वर्ष माथिका आन्तरिक पर्यटकका लागि प्रति पर्यटक रु २००.०० ।